w.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### घैरुङ, गोरखा

प.सं. २०७५/०७६
च.न.

## सूचना ! सूचना !! सूचना !!!

यस शहिद लखन गाउँपालिकाको आ.व. ०७५/०७६ वार्षिक कृषि विकास तर्फका कार्यक्रमहरु मध्ये निम्न कार्यक्रमहरु छनौट गरी कार्यान्वयन गर्नुपर्ने भएकोले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आफ्नो वडा कार्यालय वा कृषि शाखा घैरुङमा निम्न कागजात सहित निवेदन दिनुहुन कृषि फर्म, समुह तथा सहकारीलाई यो सूचना प्रकाशन गरिएकोछ ।

कार्यक्रम:- नमुना प्लाष्टिक गाउँ स्थापना ।

१. एकै ठाउमा १० वटा प्लाष्टिक घर वनाई थोपा सिंचाई समेतको संरचना वनाई तरकारी खेती गर्नुपर्ने छ
२. कार्यक्रम एउटै समूह/फर्म/ सहकारीले सञ्चालन गर्न सकिने छ । यदी दुई भन्दा वढी संस्था कामगर्ने भएपनि प्लाटिक घर एउटै ठाउमा वनाउनुपर्ने ।
३. निवेदक संस्थाले निवेदनको साथमा संस्थाको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपी, सम्वन्धीत वडा कार्यालयको सिफारिस तथा खेती गर्ने जग्गाको लालपुर्जाको फोटोकपी पेश गर्नू पर्नेछ ।
४. छनौटमा परेको संस्थालाई एक मुष्ठ रु १०००००/- (एक लाख) उपलव्ध गराईने छ ।

कार्यक्रम:- भकारो सुधार कार्यक्रम

१. एकै ठाउमा कम्तीमा १० वटा भकारो सुधार: वस्तु वस्ने ठाउको ढलान, पिसाप वग्ने नाली तथा पिसाव जम्मा हुने ट्याङकी हुनु पर्ने छ ।
२. भकारो सुधार गर्ने कृषकको गोठ टिनले छाएको र कम्तीमा ठुला वस्तु हुनुपर्ने छ ।
३. एकै टोलका १० कृषकले सयुक्त निवेदन दिनुपर्ने छ ।
४. सुन्तला जोन कार्यलय वाट कार्यक्रम भकारो सुधार कार्यक्रम परेका कृषकले निवेदन दिन पाईने छैन ।
५. प्रति भकारो सुधारको लागि ५२००/- (वाउन्न सय) उपलव्ध गराईने छ ।

२०७६/०२/०१

प्रमुख प्रशासकीय अधिकृत